BHDC

# बिन्ध्यबासिनी हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेड


का.म.न.पा. वडा नं. १०, नयाँ बानेश्वर, काठमाण्डौ । फोन नं. : ०१-४७८१८९१, ४७८६०३०
इमेलः info.bhdc@rmgroup.com.np वेबसाइटः www.bindhyabasinihydro.com.np


## साधारण शेयरको सार्वजनिक निष्काशन तथा बिक्री बन्द बारेको सूचना

बिन्ध्यबासिनी हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेडको प्रति कित्ता अंकित मूल्य रु.१००/– दरका १५,००,००० कित्ता शेयर मध्ये ६०,००० कित्ता अर्थात ४% शेयर कर्मचारीहरुको लागि सुरक्षित गरिएको र ७५,००० कित्ता अर्थात ५% शेयर सामुहिक लगानी कोषहरुमा बाँडफाँड गरी बाँकी रहने १३,६५,००० कित्ता साधारण शेयरहरु मिति २०७९ जेष्ठ २० गतेदेखि सर्वसाधारणमा निष्कासन तथा बिक्री खुल्ला गरिएकोमा सर्वसाधारण आवेदकहरुबाट माग गरे भन्दा बढि शेयर खरिदका लागि आवेदन प्राप्त हुन आएकोले **आज मिति २०७९ जेष्ठ २५ गते (बैंकिङ्ग समय पश्चात्)** सो शेयरका लागि आवेदन लिने कार्य बन्द गरिने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि सूचित गर्दछौं ।

यस निष्काशन कार्यमा संलग्न सम्पूर्ण संकलन केन्द्रहरु C-ASBA सदस्य बैंक तथा वित्तीय संस्थाहरुले यसै सूचनालाई आधिकारीक मानी साधारण शेयरका लागि दरखास्त बुझिलिने कार्य **आज मिति २०७९ जेष्ठ २५ गते (बैंकिङ्ग समय पश्चात्)** बन्द गर्नुहुन अनुरोध गर्दछौं ।

यस निष्काशन कार्यमा सहयोग तथा सद्भाव प्रदान गर्नुहुने सम्पूर्ण शुभेच्छुकहरु, लगानीकर्ता आवेदकहरु, ऋ(ब्क्यब सदस्य बैंक तथा वित्तीय संस्थाहरु, नियमन निकाय तथा सम्बन्धित सबै निकायहरुमा धन्यवाद ज्ञापन गर्दछौं ।

**कम्पनीको नेटवर्थ सम्बन्धी विवरण**

| विवरण | वास्तविक | | | अपरिष्कृत | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|---|
| | आ.व.०७५/७६ | आ.व.०७६/७७ | आ.व.०७७/७८ | २०७८ पौष मसान्त | आ.व.०७८/७९ | आ.व.०७९/८० | आ.व.०८०/८१ |
| संचित नाफा/नोक्सान तथा जगेडा कोषहरु | (२२,४६४) | १२,४१२ | ८५,०३३ | ११९,६९७ | २६४,३७४ | ४२०,१६२ | ५९१,१८६ |
| प्रति शेयर आम्दानी (EPS) | (३।००) | ४।६५ | ९।६८ | १४।६२ | १७।९३ | १५।५८ | १७।१० |
| प्रति शेयर नेटवर्थ (रु.) | ९७ | १०१।६५ | १११।३४ | ११५।९६ | १२६।४४ | १४२।०२ | १५९।१२ |

**प्रति मेगावाट तथा कूल लागत सम्बन्धी विवरण:**

रुदि खोला ए (८.८ मे.वा.) जलविद्युत आयोजनाको कुल लागत रु.१,५५,५०,९९,३९१/- (आयोजना निर्माण अवधिको ब्याज सहित) रहेकोमा प्रति मेगावाट लागत रु.१७,६७,१५,८३९।८८ रहेको छ । रुदि खोला बि (६.६ मे.वा.) जलविद्युत आयोजनाको कुल अनुमानित लागत रु.१,३३,९७,२८,०३०/- (आयोजना निर्माण अवधिको ब्याज सहित) रहेकोमा प्रति मेगावाट लागत रु.२०,२९,८९,०९५।५७ रहेको छ । रुदि खोला बि जलविद्युत आयोजनाको व्यापारिक उत्पादन मिति २०७६ फाल्गुण ५ गतेदेखि शुरु भैसकेको छ । यस आयोजनामा जम्मा चार ओटा हेडवर्क्स रहेका छन । जस मध्ये दुई ओटा मुख्य हेडवर्क्स र दुई ओटा सहायक हेडवर्क्स रहेका छन् । आयोजनाको व्यापारिक उत्पादन शुरु हुँदा दुई ओटा सहायक हेडवर्क्सहरु निर्माणाधिन अवस्थामा रहेको र उक्त कार्य सम्पन्न गर्न रु.६,३३,६१,०६९।८९ थप खर्च लाग्ने भएकोले यस आयोजनाको व्यापारिक उत्पादन शुरु भैसकेपछि पनि कुल लागत बढ्न गएको छ र हाल उक्त हेडवर्क्सहरुको निर्माण कार्य अन्तिम चरणमा पुगिसकेको छ । यस कम्पनीले सञ्चालन गरेको दुबै जलविद्युत आयोजनाको कुल लागत रु.२,८९,४८,२७,४२१/- तथा औसत प्रति मेगावाट लागत रु. १८,७९,७५,८०६/- रहेको छ ।

**विद्युत उत्पादन अनुमति पत्र बाँकी अवधि सम्बन्धी विवरण:**

रुदि खोला ए (८.८ मे.वा.) जलविद्युत आयोजना अनुमतिपत्रको बहाल अवधि २०७० साल पौष महिना १२ गते देखि २१०५ साल पौष महिना ११ गते सम्म रहेकोले हालबाट २६ वर्ष ८ महिना रहेको छ तथा रुदि बि (६.६ मे.वा.) जलविद्युत आयोजना अनुमतिपत्रको बहाल अवधि २०७४ साल जेष्ठ महिना २६ गते देखि २१०९ साल जेष्ठ महिना २५ गते सम्म रहेकोले हालबाट ३० वर्ष २ महिना रहेको छ ।

**लगानी फिर्ता हुने अवधि सम्बन्धी विवरण :**

रुदि खोला ए (८.८ मे.वा.) तथा रुदि खोला बि (६.६ मे.वा.) जलविद्युत आयोजनाको साधारण लगानी फिर्ता अवधि क्रमशः ७.७६ वर्ष र ८.८८ वर्ष तथा डिस्काउन्टेट लगानी फिर्ता अवधि ११.८४ वर्ष र १४.५९ वर्ष रहेको छ ।

**क्रेडिट रेटिङ्ग सम्बन्धमा**

यस विवरणपत्र अनुसार निष्काशन गरिने साधारण शेयरको लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ (तेस्रो संशोधन सहित) मा भएको व्यवस्था बमोजिम कम्पनीको रेटिङ्ग गराउनु पर्ने भएकोले क्रेडिट रेटिङ्ग नियमावली, २०६८ को नियम ३ बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था केयर रेटिङ्गस् नेपाल लिमिटेड, कमलादी, काठमाण्डौबाट रेटिङ्ग गराई "[CARE-NP BB+ (Is) [Double B Plus (Issuer)]" प्रमाणपत्र प्राप्त गरेको छ । जसले कम्पनीको वित्तीय दायित्व बहन गर्ने क्षमतामा औसत जोखिम रहेको (Moderate risk of default regarding timely service of financial obligations) जनाउँदछ । केयर रेटिङ्गस् नेपाल लिमिटेडले CARE-NP AAA (Is) देखि CARE-NP C (Is) सम्मको रेटिङ्ग प्रदान गर्दछ । जसमा "CARER-NP AAA(Is)" ले सकारात्मक आधार जनाउँछ भने "CARE-NP C (Is)" ले नकारात्मक आधारहरू जनाउँछ । रेटिङ्ग प्रदान गरेको मितिः २०७८/०९/१५ (तदनुसार डिसेम्बर ३०, २०२१) बहाल रहने अवधि २०७९/०९/१४ (तदनुसार डिसेम्बर २९, २०२२)

**लगानीकर्ताले धितोपत्रको सार्वजनिक निष्काशनमा लिखित वा विद्युतीय माध्यमबाट आवेदन दिंदा अनिवार्य रुपमा उक्त निष्काशनको लागि तयार गरेको विवरणपत्र पढी आफ्नो स्वविवेकले दरखास्त दिनु हुन अनुरोध गर्दछौं ।**

**धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धक:**

SanimaCapital

(A wholly owned subsidiary of Sanima Bank Ltd.)

केन्द्रीय कार्यालयः सममार्ग, नक्साल-१, काठमाण्डौ, फोन नं. ०१-४५४०५०८/०१-४५३६३७५/०१-४५३५९३६
Email: sanimacapital@sanimabank.com Website: www.sanima.capital

मिति २०७९ जेष्ठ २५ गतेको कारोबार राष्ट्रिय दैनिकमा प्रकाशित गर्ने